नेपाल सरकार
प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌का कार्यालय
**राजस्व अनुसन्धान विभग**

म.नि.- ५५२७८८५
[illegible]
कन्ट्रोल रुम- ५०१००८५
एक्सचेन्ज- ५०१०१०६
५५४२०२३
टोल फ्रि - १६६०-०१-५५०००

हरिहरभवन, पुल्चोक, ललितपुर

प.सं.: ०८१/८२
च.नं.

## प्रेस विज्ञप्ति

राजस्व अनुसन्धान विभागवाट प्रतिवादीहरु बुद्ध लामा, कुमार श्रेष्ठ र नौल वहादुर तामाङले राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा ३ ले निषेधित गरेको कार्य गरी ऐ. ऐनको दफा ४ बमोजिमको कसुर गरेको अभियोगमा आज मिति २०८१।११।११ मा सम्मानित उच्च अदालत पाटन ललितपुरमा अभियोगपत्र दायर गरिएको छ। उल्लिखित प्रतिवादीहरुमध्ये रसुवा नाकावाट ३३७२ जोर ब्रान्डेड जुत्ता चोरी पैठारी गरी ल्याउने मुख्य प्रतिवादी जिल्ला सिन्धुपाल्चोक, लिशंखुपाखर गाउँपालिका वडा नं. ०६ स्थायी ठेगाना भएका बमजन इन्टरप्राइजेजका प्रोपाइटर बुद्ध लामालाई राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण) ऐन, २०५२ को दफा २(छ१) बमोजिम रु. २,८०,६६,७५९/- (दुई करोड असी लाख छैसट्ठी हजार सात सय उनान्साठ्ठी रुपैयाँ मात्र) विगो कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम विगो जफत तथा विगोको शतप्रतिशत जरिवाना हुन तथा ऐ. ऐनको दफा २३(१)(ख) बमोजिम कैद सजायको मागदावी लिइएको छ।

त्यस्तै चोरी पैठारीका जुत्ता खरिद गर्ने गरी बुद्ध लामालाई चोरी पैठारी गर्न लगाउने जिल्ला गुल्मी, रुरु गाउँपालिका वडा नं. ०५ स्थायी वतन भएका कुमार श्रेष्ठलाई चोरी पैठारी गरेको जुत्ताको परिमाणको आधारमा ऐ. ऐनको दफा २(छ१) बमोजिम रु. १,२५,६७,९३४/-(अक्षरेपी एक करोड पच्चीस लाख सतसठ्ठी हजार नौ सय चौंतीस रुपैयाँ मात्र) विगो कायम गरी ऐ. ऐनको दफा २३(१) बमोजिम विगो असुल हुन तथा विगोको शतप्रतिशत जरिवाना हुन र ऐ. ऐनको दफा २३(१)(ख) बमोजिम कैद सजाय मागदावी लिइएको छ।

प्रतिवादी बुद्ध लामालाई जुत्ता चोरी पैठारी गर्न साथ र सहयोग गरेको आधारमा अर्का प्रतिवादी भन्सार एजेन्ट नौल वहादुर तामाङलाई ऐ.ऐनको दफा २३(३) बमोजिम मतियारलाई हुने सजायको मागदावी लिइएको छ। यसरी प्रस्तुत कसुरमा उल्लिखित प्रतिवादीहरुवाट कुल रु. ५,४२,००,३३७/- विगो र शतप्रतिशत जरिवाना रु. ५,४२,००,३३७/- गरी जम्मा रु. १०,८४,००,६७४/-(अक्षेरुपी दश करोड चौरासी लाख छसय चौरहत्तर मात्र) को मागदावी लिई सम्मानित उच्च अदालत पाटनमा अभियोगपत्र दायर गरिएको छ।

साथै, प्रस्तुत राजस्व चुहावटको कसूरमा प्रयोग भएको ना ३ ख ७०१ नम्बरको ढुवानी साधन तथा सो साधनमा रहेका भन्सार चोरी पैठारीका ब्राण्डेड जुत्ता (३३७२ जोर) राजस्व चुहावट (अनुसन्धान तथा नियन्त्रण ) ऐन, २०५२ को दफा ३३(१) बमोजिम जफत गर्ने मागदावी लिइएको छ। त्यसैगरी जाँचपासमा संलग्न रसुवा भन्सार कार्यालयका तत्कालीन कर्मचारीहरुलाई विभागीय कारबाहीको लागि प्रधानमन्त्री तथा मन्त्रिपरिषद्‌को कार्यालयमार्फत भन्सार विभागमा लेखी पटाइएको छ।

२०८१/११/११
(कृष्ण कुमारी श्रेष्ठ)
उपमहानिर्देशक/प्रवक्ता